निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

सल्यान

पत्र संख्या : २०७८।०७९

चलानी नं. : ७०

मिति २०७९।०६।६

**श्री जिल्ला स्थित सरकारी कार्यालयहरु सबै**

**श्री जिल्ला स्थित सूरक्षा निकाय सबै**

**श्री कारागार कार्यालय, सल्यान ।**

बिषय : **बिवरण तथा मुचुल्का पठाइदिने सम्बन्धमा ।**

प्रस्तुत बिषयका सम्बन्धमा जिल्ला अस्थायी मतदाता नामावली संकलन तथा व्यवस्थापन समितिको ५ गतेको निर्णयानुसार आसन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ प्रयोजनार्थ अस्थायी मतदाता नामावली तयार गर्नका लागि जिल्लाका सम्पूर्ण सरकारी कार्यालयका कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, सामुदियक विद्यालयका शिक्षक एवं कर्मचारी, विश्वविद्यालयमा कार्यरत प्राध्यापक एवं कर्मचारी र कारागारमा रहेका थुनुवा र कैदिहरुको बिवरण आवश्यक रहेकोले कार्यक्रम तथा आवश्यक अनुसूचीको सफ्टकपी यसै साथ पठाइएको छ ।

आफ्नो कार्यालय र मातहतका कार्यालयहरु (प्रहरी चौकी, स्वास्थ्यचौकी,बिद्यालय समेत) को अस्थायी मतदाता नामावली कार्यविधि २०७९ को अनुसूची ३ बमोजिम (Excel मा Nepali Unicode Traditional र कैफियत महलमा लिङ्ग अनिवार्य) तयार गरिएको बिवरण प्रमाणित गरी सोको Hardcopy र Softcopy यथाशिघ्र यस कार्यालयमा पठाउनु हुन अनुरोध छ । साथै अस्थायी मतदाता नामावली सम्बन्धी कार्यक्रम त्यस कार्यालयको website तथा सूचना पाटीमा प्रकाशन गरी प्रकाशन गरेको मुचुल्का २०७९।६।७ गते ५:०० बजे भित्र यस कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछु ।

**थप जानकारीको लागी सम्पर्क:**

*कार्यालय: ०८८-५२०१९०/९८५७८२२१९०*

*सूचना अधिकारी : ९८५७८२२१३१*

.........................

(निमराज भट्टराई)

**जिल्ला निर्वाचन अधिकारी**

**अवगतार्थ :**

श्री निर्वाचन आयोग नेपाल

कान्तिपथ, काठमाण्डौं ।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,

जिल्ला प्रशासन कार्यालय, सल्यान ।

अनुसूची-१

(दफा ५ को उपदफा ३ सँग सम्बन्धित)

अस्थायी मतदाता नामावली तयारी सम्बन्धी कार्यक्रम

**निर्वाचन आयोग**

# प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

सल्यान

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचन प्रयोजनका लागि मतदाता नामावली ऐन, २०७३ को दफा ३० बमोजिम अस्थाई मतदाता नामावली तयार गर्नको लागि निर्वाचन आयोगबाट निर्धारण भए बमोजिम अस्थायी मतदाता नामावली संकलन सम्बन्धी कार्यक्रम देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | मिति | | सम्पर्क कार्यालय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | प्रमुख नाम दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको बृद्धाश्रममा बसेका व्यक्तिहरुलाई अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा पठाउन जानकारी गराउने । | २०७९/०६/०६ | २०७९/०६/०८ | सम्बन्धित कार्यालय |
| २ | क्र.सं. १ बमोजिम सम्बन्धित निकायका प्रमुखले अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरुको नामावली (अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्ति) प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने | २०७९/०६/०८ | २०७९/०६/२६ | सम्बन्धित कार्यालय |
| ३ | क्र.सं. २ बमोजिमको विवरणमा त्रुटि सच्याउनका लागि प्रारम्भिक अस्थाई मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०७/०१ | | निर्वाचन कार्यालय |
| ४ | प्रारम्भिक अस्थाई मतदाता नामावलीमा छुट भएका व्यक्तिले नाम समावेश गर्न तथा त्रुटि सच्याउन निवेदन दिने | २०७९/०७/०२ | २०७९/०७/०३ | निर्वाचन कार्यालय |
| ५ | अस्थाई मतदाता नामावलीमा नाम समावेश गर्न प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित अस्थाई मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०७/०४ | | निर्वाचन कार्यालय |
| ६ | प्रारम्भिक तथा संशोधित अस्थाई मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिको सम्बन्धमा दावी विरोधका लागि निवेदन पेश गर्ने | २०७९/०७/०५ | २०७९/०७/०६ | निर्वाचन कार्यालय |
| ७ | दावी विरोधको निवेदन उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/०७/०७ | २०७९/०७/११ | निर्वाचन कार्यालय |
| ८ | क्र.सं. ७ बमोजिमको प्रारम्भिक तथा संशोधित अस्थाई मतदाता नामावली तयार गर्ने | २०७९/०७/१२ | २०७९/०७/१३ | निर्वाचन कार्यालय |
| ९ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०७/१४ | | निर्वाचन कार्यालय |

**प्रमुख नाम दर्ता अधिकारीको**

नाम, थरः- निमराज भट्टराई

सहीः-

मितिः- २०७९/६/६

*द्रष्टव्यः* यो कार्यक्रम सार्वजनिक बिदाको दिनमा समेत सञ्चालन गरिनेछ ।